**खुम्बु पासाङल्हामु गाउँपालिका**
**सोलुखुम्बु जिल्ला,**
**प्रदेशनं. १**
**नेपाल**
**स्थानीय सरकारबाट प्रकाशित**
**खुम्बुपासाङल्हामुगाउँपालिकाराजपत्र**

## प्रस्तावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गरी खुम्बु पासाङल्हामु गाउँपालिकाले देहायको नियमहरु बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१.संक्षिप्त नाम, बिस्तार र प्रारम्भ:(१)** यस नियमावलीको नाम "खुम्बु पासाङल्हामु गाउँपालिकाको बजार अनुगमन सम्बन्धी नियमावली, २०७५" रहेकोछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो नियमावली खुम्बु पासाङल्हामु गाउँपालिकाको क्षेत्र भित्र लागू हुनेछ।

२. **परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा**

(क) "अनुगमन टोली" भन्नाले नियम (७) बमोजिम गठित बजार अनुगमन टोली सम्झनुपर्छ।

(ख) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले नियम ३ बमोजिम गठित समिति सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(घ) "कार्यालय"भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ र सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउँछ।

(ङ) "गाँउपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनुपर्छ।

(च) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयात कर्ता, भण्डारण वा बिक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ।

(छ) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ज) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(झ) "बिक्रेता" भन्नाले वस्तु वा सेवाको पैठारी कर्ता, थोक वा खुद्रा बिक्रेता र सेवा प्रदायक सम्झनु पर्छ र सो शब्दले होटल, लज, होष्टेल, खाजा घर सञ्चालक आदि समेतलाई जनाउँछ।

(ञ) "शाखा प्रमुख" भन्नाले उपभोक्ता हित संरक्षण सम्बन्धी काम हेर्ने गरी तोकिएको अधिकृत सम्झनुपर्छ।

(ट) "समिति" भन्नाले नियम ३ बमोजिम गठित उपभोक्ता हित संरक्षण समिति सम्झनुपर्छ।

(ठ) "सेवा" भन्नाले व्यवसायिक सेवा, सञ्चार सेवा, निर्माण तथा इञ्जिनियरिङ्ग सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य सेवा, सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सेवा सम्झनुपर्छ।

(ड) "संयोजक" भन्नाले यस नियमावली बमोजिम गठित उपभोक्ता हितसंरक्षण समितिको संयोजक सम्झनुपर्छ।

## परिच्छेद–२

## उपभोक्ता हित संरक्षण समिति सम्बन्धी व्यवस्था

३. उपभोक्ता हित संरक्षण समिति: (१) उपभोक्ताको हित संरक्षण सम्बन्धी बिषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्ग दर्शन एंव समन्वय गर्नको लागि देहाय बमोजिम उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछ।

(क) उपाध्यक्ष

(ख) गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनयन गरेको एक जना

(ग) खुम्बु पासाङल्हामु गाउँस्तरीय उद्योग बाणिज्य संघको प्रतिनिधि एक जना

(घ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरुमध्येबाट अध्यक्षले मनोनयन गरेकोदुई जना

(ङ) कार्यालयको उपभोक्ता हित संरक्षण सम्बन्धी विषय हेर्ने शाखा प्रमुख

(२) उपनियम (१) बमोजिमको समितिमा सोलुखुम्बु जिल्ला स्थित सङ्घीय जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि एक जना, नेपाल प्रहरीको खुम्बु पासाङल्हामु गाउँपालिका स्थित इलाका प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि

एकजना र खाद्य, गुणस्तर, औषधी, जनस्वास्थ्य, उद्योग तथा बाणिज्य हेर्ने नेपाल सरकार वा प्रदेश सरकारको खुम्बु पासाङल्हामु स्थित कार्यालयका प्रमुख वा शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रुपमाबोलाइने छ।

**४. उपभोक्ता हित संरक्षण समितिको काम, कर्तव्य र अधिकारः**

उपभोक्ता हित संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) उपभोक्ता हित संरक्षणको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) अत्यावश्यक वस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने,

(ग) समितिले यस नियमावलीको नियम ७ को उपनियम (१) अनुसार गठित अनुगमन टोलीद्वारा अनुसूची–१ बमोजिम प्रस्तुत गरेको बजार अनुगमन प्रतिवेदन माथि छलफल र विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(घ) उपभोक्ताको हितसंरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(ङ) बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गर्ने र टोलीलाई आवश्यकता अनुसार मार्गदर्श गर्ने,

(च) कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने गराउने,

(छ) उपभोक्ता हित विपरित कार्यमा आवश्यक कानूनी कारबाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृतले तोक्ने

५. उपभोक्ता हित संरक्षण समितिको बैठक सम्बन्धी व्यवस्था: उपभोक्ता हित संरक्षण समितिको बैठक महिनामा एकपटक अनिवार्य रूपमा बस्नुपर्नेछ र समितिले बैठक लगायत अन्य विषयको कार्य विधि आफैं निर्धारणगर्नेछ।

## परिच्छेद–३

## बजार अनुगमन सम्बन्धी व्यवस्था

६. अनुगमन सम्बन्धीकार्यः वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायत काव्य वसायिक एवं व्यापारिक क्रियाकलापलाई उपभोक्तामैत्री बनाउन कार्यालयले देहाय बमोजिमको व्यवस्थागर्नेछः–

(क) उपभोग्य वस्तु वा सेवाको गुणस्तरयुक्त, सहज एवं सुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको

हक हितको संरक्षण गर्नकालागि कार्यालयमा उपभोक्ता हित संरक्षण शाखाको व्यवस्था गरी नियमित बजार अनुगमनको व्यवस्था गर्ने,

(ख) बजार प्रणालीलाई स्वस्थ, प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन यो नियम र अन्य प्रचलित कानूनको कार्यान्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गर्ने,

(घ) उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा समितिको कार्यालय देखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने वा गर्न लगाउने,

(ङ) गाउँपालिका अन्तर्गत स्थापित वा सञ्चालित उद्योग तथा व्यापार व्यवसायको दर्ता, नवीकरण, बिल विजक तथा बिक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, उत्पादन तथा उपभोग्य मिति आदिको अनुगमन गर्ने, गर्न लगाउने,

(च) तरकारी, फलफूल, माछामासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्यवस्तुको बिक्री स्थलको मापदण्ड तोक्रेर छुट्टै

फलफूल तथा तरकारी बजार र बधशालाको आवश्यक व्यवस्था गर्ने गराउने।

७. बजार अनुगमन टोलीको गठन: (१) वस्तु तथा सेवा प्रदायक व्यवसायको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नाप तौल गुणस्तर, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एवं आकस्मिक अनुगमनको लागि गाउँपालिकाले देहाय बमोजिम बजार अनुगमन टोलीको गठन गर्नेछ:

(क) कार्यालयको उपभोक्ता हित संरक्षण सम्बन्धी विषय हेर्ने शाखा प्रमुख –संयोजक

(ख) उपभोक्ता हितसंरक्षणका क्षेत्रमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट अध्यक्षले
मनोनित गरेको दुईजना

(ग) उद्योग वाणिज्य संघको गाउँस्तरीय प्रतिनिधि एकजना

(घ) नेपाल पत्रकार महासंघको गाउँस्तरीय प्रतिनिधि वा सञ्चार कर्मीमध्येबाट अध्यक्षले
मनोनित गरेका तीनजना

(ङ) अध्यक्षले तोकेको गाउँपालिकाको कर्मचारी

(२) उपनियम (१) बमोजिमको टोलीमा सोलुखुम्बु जिल्ला स्थित नेपाल सरकारको जिल्ला प्रशासन कार्यालय वा सीमा प्रशासन कार्यालयको प्रतिनिधि एकजना, नेपाल प्रहरीको

खुम्बु पासाङल्हामु गाउँपालिका स्थित इलाका प्रहरी कार्यालयको अधिकृत स्तरको प्रतिनिधि एकजना र खाद्य, गुणस्तर, औषधी, जनस्वास्थ्य, उद्योग तथा बाणिज्य हेर्ने नेपाल सरकारको खुम्बु पासाङल्हामु स्थित कार्यालयका प्रमुख वा शाखा प्रमुखलाई आमन्त्रित सदस्यकोरुपमा बोलाइनेछ।

(३) अनुगमन टोलीमा संयोजक सहित कम्तीमा पाँच जना सदस्यले अनुगमन सम्बन्धी कार्य गर्नु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि संयोजक बिदाबसेको वा कुनै कारणवश अनुपस्थित भएको अवस्थामा निजको काम काज गर्ने गरी तोकिएको अन्य कुनै अधिकृत वा कर्मचारीले अनुगमन टोलीको संयोजकको रुपमा काम गर्नेछ।

(५) उपभोक्ता हित संरक्षण हेर्ने शाखाले मासिक रुपमा बजार अनुगमनको एकीकृत प्रतिवेदन समितिले तोकेको ढाँचामा समितिको संयोजक समक्ष पेश गर्नुपर्नेछ र समितिले उक्त प्रतिवेदनको बिश्लेषण गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

८. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार: (१) बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) बजार अनुगमनको त्रैमासिक कार्ययोजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतिको लागि समितिमा पेश गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार, सिन्डिकेट, मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुमा अनुचित व्यापारिक क्रियाकलाप (मिसावट, गुणस्तरहिन, कमतौल) भएको देखिएमा वा भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका आवश्यक कार्य गर्ने,

(च) समितिले दिएका आदेश एवं निर्देशनको कार्यान्वयन गर्ने,

(छ) बजार अनुगमन सम्बन्धी प्रतिवेदन समिति र कार्यालय समक्ष पेश गर्ने।

(२) उपनियम (१) कोखण्ड (छ) बमोजिमको प्रतिवेदन सम्भव भए सम्म अनुगमनको कार्य सकिएको दिन र सम्भव नभए सोको कारण सहित तीन दिन भित्र पेश गर्नु पर्नेछ।

## परिच्छेद–४
## उजुरी सम्बन्धी व्यवस्था

९. **उजुरी दिनसक्नेः** (१) कसैले पनि कुनै वस्तु वा सेवाको बिक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनी समिति वा बजार अनुगमन टोली वा कार्यालयको उपभोक्ता हित संरक्षण सम्बन्धी बिषय हेर्ने शाखामा मौखिक वा लिखित उजुरी दिन सक्नेछ।

(२) उपनियम (१) का अतिरिक्त उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गरी सोही व्यहोरा उल्लेख गरी अनुगमन सम्बन्धी छुट्टै पुस्तिकामा अभिलेख राख्नु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएकोमा सो लाई समेत उजुरीकोरूपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम अनुगमन तथा निरिक्षण गर्दा बिक्रेता वा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक तथा व्यावसायिक क्रियाकलाप गरेको पाईएमा तत्काल कारबाहीको प्रकृया अगाडी बढाइनेछ।

## परिच्छेद–५

## बजार अनुगमन प्रक्रिया

१०. **अनुगमनको पूर्वतयारी:**(१) अनुगमन टोलीले बजार अनुगमनमा जानुपूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने हो त्यस्तो अनुगम नगर्नु पर्ने विषयको गाम्भिर्यता हेरी कार्य सूची तयार गर्नुपर्नेछ।

(२) अनुगमन गर्दा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित कानूनहरू तथा गरिने कार्यको चेकलिस्ट साथै राख्नु पर्नेछ।

(३) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गरेको हुनु पर्नेछ।

(४) अनुगमनकालागि आवश्यक पर्ने श्रोत साधन र सुरक्षासम्बन्धी आवश्यक प्रबन्ध गर्नुपर्नेछ।

**११. बजार अनुगमन:** (१) अनुगमन टोलीले देहाय बमोजिमको विषयमा बजार अनुगमन गर्नेछः–

(क) प्रदायकले नियामक निकायबाट कानून बमोजिम लिनु पर्ने व्यवसाय दर्ता प्रमाणपत्र लिए नलिएको,

(ख) स्थायी लेखानम्बर (PAN) दर्ताकोप्रमाणपत्रलिए नलिएको,

(ग) खाद्यअनुज्ञापत्र, औषधी पसल दर्ता प्रमाणपत्र लगायत व्यवसाय सञ्चालन गर्न आवश्यक कागजातहरु लिए नलिएको र प्रमाणपत्र लिएकोमा नवीकरण गरे नगरेको,

(घ) बिक्रेता वा प्रदायकले सेवा आफ्नो व्यवसायको साइनबोर्ड राखे नराखेको,

(ङ) बिक्रेता वा प्रदायकले वस्तु बिक्री कक्षमा मूल्य सूची राखे नराखेको,

(च) माल वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक भए नभएको,

(छ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारी कर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरे नगरेको,

(ज) औषधी वा औषधीयुक्त पदार्थ भए सोको प्याकिङ्ग, लेबलिङ स्पष्ट भए नभएको, उचित भण्डारण भए नभएको, प्रयोग गर्ने तरिका उल्लेख भए नभएको, औषधीविज्ञ (फार्मासिष्ट)

औषधी बिक्री स्थलमा भए नभएको एवं औषधी बिक्रेता प्रमाण पत्र भए नभएको,

(झ) म्याद नाघेको औषधी, प्रशोधित पानी, बिस्कुट, पाउरोटी, केक, भुजिया, चाउचाउ, दुनोट लगायतका खाद्य पदार्थ तथा उपभोग्य वस्तु बिक्रीका लागि राखे नराखेको,

(ञ) फलफूल, तरकारी, मिठाई पसल, डेरी, होटल, बधशाला वा माछा मासु बिक्री स्थल सफा सुग्घर र मापदण्ड अनुसार भए नभएको,

(ट) प्रदायकले बिक्रेता वा क्रेतालाई वस्तुको बिल विजक जारी गरे नगरेको।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुसूची–२ मा उल्लेखित वस्तु र सेवाको अनुगमन गर्ने कार्यालयले उपभोक्ता हित संरक्षण हेर्ने शाखालाई दिएको कार्य विवरण बमोजिम मात्र अनुगमन गर्नुपर्नेछ।

(३) अनुगमन टोलीले दैनिक बजार अनुगमन गर्दा प्रयोग गर्ने फारामको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ।

१२. **तत्काल कारबाहीगरिनेः** (१) अनुगमन टोलीले नियम११ बमोजिम बजार अनुगमन गर्दा देहाय बमोजिम तत्काल कारबाही गर्न सक्नेछः–

(क) नियम ११ कोखण्ड (क), (ख) र (ग) बमोजिम प्रमाण पत्र नलिएको वा नवीकरण नगरेको पाइएमा बढीमा पन्ध्र दिन भित्र त्यस्तो कार्य गरी कार्यालयमा सोको जानकारी पेश गर्न लिखित निर्देशन दिने,

(ख) नियम ११ कोखण्ड (घ) बमोजिम साइन बोर्डन राखेकोमा तीन दिन भित्रमा त्यस्तो साइन बोर्ड राखीसोको जानकारी कार्यालयमा दिन लिखित निर्देशन दिने,

(ग) नियम ११ कोखण्ड (ङ) बमोजिम मूल्य सूची नराखेको भए तीन दिन भित्र मूल्य सूची टाँसी सोको जानकारी कार्यालयमा गराउन लिखित निर्देशन दिने,

(घ) नियम११कोखण्ड (च), (छ), (ज), (झ) र (ञ) विपरितको कार्यमा सुधार गर्न सम्बन्धित प्रदायकलाई अवस्था हेरी एक महिनासम्म सुधार गरी सोको जानकारी कार्यालयमा गराउन लिखित निर्देशन दिने र आवश्यकता अनुसार मुचुल्का उठाई त्यस्ता उपभोग्य वस्तु नष्ट गर्ने वा गराउने,

(ङ) उपभोग्य वस्तुमा उत्पादन मिति वा उपभोग्य मिति केरमेट गरेको वा पुनःलेबलिङ्ग वा छपाई गरेको छ छैन हेरी पुनःलेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तोवस्तु प्रचलित कानून बमोजिम मुचुल्का उठाई नष्ट गर्ने,

(च) नियम११कोखण्ड (ट) बमोजिम बिल विजक जारी नगरेकोमा बिलविजक जारी गर्न निर्देशन दिने।

(२) उपनियम (१) बमोजिम तत्काल कारबाही गरेको कुराको जानकारी यथाशिघ्र समितिलाई दिनुपर्नेछ।

(३) बजार अनुगमन टोलीले बजार अनुगमन गर्ने कार्यमा कसैले बाधा अवरोध गरेमा त्यस्तो कार्यको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने वा अटेर गरेमा बीसहजार रुपैयाँसम्म जरिबाना गर्नसक्नेछ।

(४) उपनियम (३) बमोजिम अनुगमन गर्दा व्यापारी, व्यवसायी वा प्रदायकले बाधा अवरोध गरेमा त्यस्तो अवरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही हुने रहेछ भने त्यस्तो कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष सिफारिस गर्नुपर्नेछ।

(५) उपनियम (३) बमोजिम बजार अनुगमन टोलीले सजग गराउनु वा चेतावनी दिनु वा जरिबाना गर्नु अघि समितिको अनुमति लिनु पर्नेछ।

**१३. बजार अनुगमन गर्ने प्रक्रियाः** (१) अनुगमन टोलीले बजार अनुगमन गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ :

(क) अनुगमनमा खटिने कर्मचारी वा सदस्यहरुले अनिवार्यरुपमा आफ्नो परिचयपत्र लगाउनु पर्ने,

(ख) टोलीका संयोजकले अनुगमनको आवश्यकता बारे शिष्ट भाषामा जानकारी गराउनु पर्ने,

(ग) अनुगमन टोलीले बजार अनुगमनको क्रममा वस्तु वा सेवाको नमुना संकलन गर्नु पर्ने देखेमा त्यस्तो वस्तु संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का तयार गर्ने,

(२) उपनियम (१) कोखण्ड (ग) बमोजिमको मुचुल्कामा सम्बन्धित व्यवसायीको दस्तखत गराउनु पर्नेछ । त्यसरी दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का उठाई शिलबन्दी गरी परीक्षणको लागि अविलम्ब सम्बन्धित निकायमा नमूना समावेश गरी पठाउनु पर्नेछ ।

(३) अनुगमन टोलीले अनुगमन गर्दा तत्काल सुधार गर्नु पर्ने कुराहरु देखेमा सम्बन्धित बिक्रेता वा प्रदायकलाई अवधि तोकी नियम १२ बमोजिम लिखित निर्देशन दिई सुधार गर्न आदेश दिनेछ ।

(४) अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने कुरामा विश्वस्त भएमा त्यस्ता वस्तुको नमुना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखी अन्य प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्नेगरी त्यस्तो वस्तु नष्टग र्नुपर्नेछ ।

(५) यस नियम बमोजिम खडा गर्नु पर्ने मुचुल्काको ढाँचा अनुसूची–४ बमोजिम हुनेछ।

**१४. अन्य काम गर्नसक्नेः** (१) नियम १३ मा उल्लेख भएका प्रक्रियाका अतिरिक्त अनुगमन टोलीले बजार अनुगमन गर्दा देहाय बमोजिमको काम गर्न सक्नेछः–

(क) वस्तु वा सेवा रहेको स्थानको खानतलासी गर्न र खानतलासी गर्दा वस्तु वा सेवाको बिक्री वितरणमा अनुचित वा अनियमित कार्य भएको पाईएमा त्यस्तो वस्तु वा सेवाको प्रयोग वा बिक्री वितरणमा रोक लगाई त्यस्तो वस्तु अनुगमन टोलीले कब्जामा लिने,

(ख) अनुगमन गर्दा कुनै कानूनी कारबाही गर्नु पर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित प्रदायकसँग तत्काल लिखित स्पष्टीकरण माग गर्न सक्ने,

(ग) अनुगमन टोलीको प्रतिवेदन वा नमूना परीक्षण गर्दा मुद्दा दायर गर्नु पर्ने देखिएमा समितिबाट निर्णय गरी यथाशिघ्र प्रचलित कानून बमोजिमको अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्ने,

(घ) अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यापारी वा व्यवसायीबाट असुलउपर गर्नु पर्ने,

(ङ) अनुगमन गरिएका मालवस्तुको प्रकृति अनुसार कानून बमोजिम मुचुल्का उठाउने, चेक लिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनु पर्ने भएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी परीक्षणको लागि सम्बन्धित निकायमा पठाउने,

(च) निरीक्षण, जाँच बुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नु पर्ने भएमा प्रचलित कानून बमोजिम रोक्का राख्न वा राख्न लगाउने,

(छ) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भई कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्ने,

(ज) खण्ड (छ) बमोजिम शिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधि दिई आवश्यक मापदण्ड पूरागरी सुधार गर्न समिति वा प्रचलित कानून बमोजिमको अधिकारीको निर्देशनका लागि आवश्यक कार्य गर्ने,

(झ) खण्ड (ज) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्य गरी शिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा अनुगमन टोलीले अनुगमन गरी सुधार भएको पाईएमा शिलबन्दी हटाई दिनेछ र सुधार भएको नपाइएमा

कानूनी कारबाही अगाडि बढाउन समिति समक्ष सिफारिस गर्नेछ ।

(ञ) वस्तु वा सेवामा अनुचित व्यापारिक क्रियाकलाप वा प्रचलित कानूनद्वारा निषेधित व्यापारिक वा व्यवसायिक क्रियाकलाप र एकाधिकारपूर्ण क्रियाकलाप गरे नगरेको विषयमा समेत अनुगमनका क्रममा जाँच बुझ गर्नुपर्नेछ।

(२) समितिले बजार अनुगमन सम्बन्धमा आवश्यकता अनुसार अन्य काम गर्न वा अन्य कसैलाई निर्देशन दिनसक्नेछ।

## परिच्छेद–६

## अनुगमन कर्ताको आचार संहिता

**१५. आचार संहिता पालना गर्नुपर्ने:** (१) अनुगमन टोलीका सदस्यहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नुप र्नेछः–

(क) अनुगमन स्थल र अनुगमन गरिने वस्तुको विषयमा सो कार्यमा संलग्न व्यक्तिहरू बाहेक अरूकसैलाई पनि पूर्वसूचना वा जानकारी गराउन नहुने,

(ख) अनुगमनमा खटिने सदस्यहरुले आफ्नो परिवार भित्रका व्यक्तिकहाँ अनुगमन गर्नन हुने,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले बिक्रेता वा प्रदायकबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्न नहुने,

(घ) अनुगमन गर्न जाँदा सेवा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्यता स्वीकार गर्न नहुने,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्न नहुने,

(च) अनुगमन सम्बन्धि काम कारबाहीको सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र गर्नुपर्ने,

(छ) अनुगमन टोलीका सदस्यहरु बिक्रेता वा प्रदायक समक्षम मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने,

(ज) भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले मालवस्तु झिक्न वा निकाल्न नहुने,

(झ) मानव अधिकारवादी संघ संस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्नसक्नेछ।

(२) उपनियम (१) कोखण्ड (झ) मा जुनसुकै कुरालेखिएको भएता पनि मालसामान जफत गर्ने, धुल्याउने, नष्ट गर्ने वा शिलबन्दी

गर्ने कार्यमा सम्बन्धित कर्मचारी सहित प्रहरीको सहयोग लिई कार्यसम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद–७
## विविध

१६. **बजार अनुगमनको कार्यक्रम तथा बजेट:** (१) बजार अनुगमन सम्बन्धी कार्य प्रभावकारी रुपमा गर्न गराउन कार्यालयले आवश्यकता अनुसार जनशक्ति, कार्यक्रम तथा बजेटको व्यवस्था गनुपर्नेछ ।

(२) बजार अनुगमन गर्न खटिएका अनुगमन टोलीका सदस्यहरूलाई समितिले तोके बमोजिमको रकम भत्ताको रुपमा तोकिए बमोजिम उपलव्ध गराउनेछ ।

१७. **सम्बन्धित अधिकारी र निकायको कर्तव्य:** बजार अनुगमनका लागि अनुगमन टोलीले सुरक्षा लगायत आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु सम्वन्धित अधिकारी र निकायको कर्तव्य हुनेछ।

१८. **असल नियतले गरेका कामको बचाऊ:** यस नियम बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका काम कारबाहीका सम्वन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारबाही हुनेछैन।तर असल नियतले गरेको कार्यको प्रमाण भने टोलीका संयोजक र सदस्यले पुर्‍याउ नुपर्नेछ ।

१९. **प्रचलित कानून बमोजिम हुने:** यस नियमावलीमा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने बजार अनुगमन सम्बन्धी कार्य गर्न बाधा पुर्‍याएको मानिने छैन।

२०. **पुनरावेदन गर्नसक्ने:** (१) अनुगमन टोलीले गरेको कारबाही उपर चित्त नबुझेमा बिक्रेता वा प्रदायकले समिति समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम परेको उजुरी प्राप्त भएको एक महिना भित्र समितिले आवश्यक छानविन गरी अन्तिम निर्णय दिनु पर्नेछ ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भएता पनि उपनियम (२) बमोजिम समितिले दिएको अन्तिम निर्णय उपर चित्त नबुझ्ने बिक्रेता वा प्रदायकले जिल्ला अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

२१. **प्रतिवेदन तयार गर्नुपर्ने :** बजार अनुगमनको मासिक प्रतिवेदन अनुगमन टोलीले अनुसूची–१ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

२२. **बाधा अड्काउ फुकाउने अधिकार:** यस नियमावलीको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

२३. **अनुसूचीमा हेरफेर तथा संशोधन :** कार्यपालिकाले आवश्यकता अनुसार अनुसूची हेरफेर तथा संशोधन गर्नसक्नेछ।

## अनुसूची–१

## (नियम ४ को खण्ड ग सँग सम्बन्धित)

श्री संयोजक ज्यू,

उपभोक्ता हित संरक्षण समिति

खुम्बु पासाङल्हामु गाउँपालिका,

सोलुखुम्बु

**विषयः– बजार अनुगमनको मासिक प्रतिवेदन ।**

मिति२० ।। देखि२० ।। सम्म निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ।

| सिं नं | विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| १ | अनुगमन गरिएको स्थान | | | | | |
| २ | अनुगमन गरिएको क्षेत्र र प्रकृतिर वस्तुहरू | | | | | |
| ३ | अनुगमनको विवरण परिणाम, अवस्था र अन्य कुरा व्यवसायिक प्रतिष्ठान र सँस्थान | | | | | |
| ४ | सामानको जफत र बरामदी (नामरपरिमाण) | | | | | |
| ६ | नष्ट गरिएको वस्तु र परिमाण (नाम परिमाण ) | | | | | |
| ७ | शिलबन्दी गरिएको मात्रा र संख्या | | | | | |
| ८ | गरिएको नमूना संकलन मात्रा र संख्या | | | | | |
| ९ | कैफियत | | | | | |

**स्पस्ट गर्नुपर्ने अन्य केही भएमा:........................................**

## अनुसूची–२

**(नियम ११ को उपनियम १२० सँग सम्बन्धित)**

**(अ)** अनुगमन गरिने वस्तुको वर्गीकरणः बजार अनुगमनको क्रममा बिभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नुपर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएकोछ –

(१) समूह "क" खाद्यन्न, माछा मासुजन्य, तरकारी, फलफूल वा दैनिक उपभोग्य खाद्यान्न तथा खाद्यपदार्थहरू नून, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि।

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्यपदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चापदार्थ,

(४) खाद्यपदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्यपदार्थ बिक्री वितरण गरिने बिक्री स्थल र भण्डार गृह वा सञ्चयस्थल,

(६) खानेतेल, घिउ ( वनस्पति घिउ समेत),

(७) दूध तथा दुग्ध पदार्थहरू र दूध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिकका पाउचहरू,

(८) माछा, मासु, अण्डा,

(९) मसलाजन्य पदार्थहरू( जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**२) समूह “ख” औषधी एवं स्वास्थ्य सेवा**

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी, औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक संस्थाहरु ।

**(३) समूह “ग” रासायनिक मल, विषादी, विउबिजन, कृषि औजारः**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चापदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, बिउविजन, कृषि औजारहरु

**(४) समूह "घ" इन्धनः**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नाप तौल, गुणस्तर, मूल्य तथा मापदण्डहरूको परिपालना,

**(५) समूह "ङ" निर्माण सामाग्रीः**

(१) माटो, ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री तथा सो सँगसम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल।

(६) **समूह "च" शैक्षिक सामाग्रीः**

(१) पाठ्यसामग्री, स्टेशनरी लगायतका शैक्षिक सामग्रीहरु।

(२) शिक्षा ऐन अनुसार विद्यालयहरुको शुल्क आदि ।

**(७) समूह "छ" होटल, लज, रेष्टुरा, खाजाघर, चमेनागृहः**

(१) होटल, रेष्टुरा, खाजाघर, चमेनागृह, लजको सरसफाई तथा अन्य व्यवस्थापन

(२) प्रशोधित र अप्रशोधि तवस्तुहरुको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्यपदार्थहरू, हल्का पेयपदार्थहरू, मदिराजन्य पदार्थ,

**(८) समूह "ज" सुर्तिजन्य पदार्थः**

(१) सुपारी, पानपराग, सुर्ती, बिंडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

**(९) समूह "झ" नापतौलः**

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू।

**(१०) समूह "ञ" पशुपंक्षी हाटबजारः**

(९) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल।

**(११) समूह “ट” सौन्दर्य सामाग्रीः**

(१) विभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरु

(२) व्यूटिपार्लर, सैलुन आदि ।

**(१२) समूह “ठ” विद्युतीय सामानहरुः**

(१) विद्युतीय सामानहरू,

(२) इलेक्ट्रोनिक्स सम्बन्धी सामानहरू ।

**(१३) समूह “ड” रङ्गरोगनः**

(१) विभिन्न कम्पनीका भवन सम्बन्धी रङ्ग र रङ्गरोगन सम्बन्धी सामाग्रीहरु।

**(१४) समूह “ढ” गरगहना**

(१) सुन, चाँदी, हिरा, मोती, जवाहरत तथा सोबाट निर्मित गरगहनाहरुको नापतौल एवं गुणस्तर।

**(१५) समूह “ण” सवारी साधन**

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा, बस आदिको भाडा आदि ।

**(१६) समूह “त” अन्यः**

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,

(अ) अनुगमन गरिने सेवाको विवरणः

(१) व्यापारिकसेवा

(२) सञ्चारसेवा,

(३) स्थल यातायात तथा हवाई सेवा,

(४) बिद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू,

(७) स्वास्थ्यसेवा,

(८) शिक्षासेवा,

(९) वित्तीयसेवाहरु,

(१०) होटलतथालज,

(११) यात्रासेवा,

(१२)	उद्योगतथाकलकारखाना

## अनुसूची– ३
**(नियम ११ उपनियम ३ सँगसम्बन्धित)**
**दैनिक बजार अनुगमन फाराम**

मितिः

व्यापारिक प्रतिष्ठानको नामः

ठेगाना:

प्रोपाइटर वा फर्म धनीको नामः

बजार अनुगमन टोलीबाट तपाईको बिक्री स्थल र गोदाम र उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहाय अनुसार गर्नु गराउनु हुन निर्देशन दिइएकोछ।

| क. स. | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|
| १ | मूल्य-सूची | | |
| २ | साइनबोर्ड | | |
| ३ | व्यवसाय दर्ता | | |
| ४ | व्यवसाय नवीकरण | | |
| ५ | नापतौलको प्रमाण | | |
| ६ | लेबलमा खुलाउनु पर्ने कुराहरू स्पष्ट उल्लेख भए, नभएको | | |

| | | | |
|---|---|---|---|
| ७ | म्याद नाघेको सामाग्री | | |
| ८ | स्थायी लेखा नम्बर (एब्ल) | | |
| ९ | मु.अ.क.मादर्ता | | |
| १० | बिक्री बिल दिने प्रक्रिया भए, नभएको | | |
| ११ | खाद्यअनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) भए ,नभएको | | |
| १२ | मासुको गुणस्त र सन्तोषजनक भए ,नभएको | | |
| १३ | खाद्यवस्तुहरुको गुणस्त र लगायतका पक्षहरू सन्तोषजनक भए,नभएको | | |
| १४ | ग्याँसकोतौल, मूल्यल गायतका विषय सन्तोषजनक भए,नभएको | | |
| १५ | खरिद बिल भए, नभएको | | |
| १६ | यस अगाडिको निर्देशनको पालना भए, नभएको | | |
| १७ | अन्यकैफियतपूर्णस्थिति (खुलाउने) | | |

एक पटक दिईएका निर्देशनहरू पुनःअनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ।

निरीक्षण टोली

१.संयोजक श्री

:…………………………………………………

२.सदस्य

श्री:.......................................................

३. सदस्य श्री :

४. सदस्य श्री :

५.सदस्य श्री :

मथि उल्लेखित विवरण ठीक छ भनी उत्पादक र बिक्रेताको

नाम र सही: प्रतिष्ठानको

छाप:

## अनुसूची– ४

## (नियम१३सँगसम्बन्धित)

## मुचुल्का

खुम्बु पासाङल्हामु गाउँपालिका वडा न............................................................. ..... टोल.........................मा खडा गरेको घटनास्थल, बरामदी र खानतलासी तथा शिलछाप लगाएको मुचुल्काः–

१. उजुरी वा सूचनाको छोटकरी विवरणः–

२. चार किल्ला सहित खानतलासी र बरामद गरिएको चिजवस्तुको नमूना तथा ठाउँको विवरणः–

३. बरामद भएको सामान र दसीको विवरण र शिलछाप गरिएको विवरणः–

(क)

(ख)

(ग)

(घ)

४ खानतलासी र बरामदी भएको देखे बमोजिम सहीछाप गर्ने साक्षीः– (नाम, वतन समेत)

(क)

(ख)

(ग)

(घ)

५ रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछापः–

(क)

(ख)

(ग)

६.अनुगमन टोलीले मेरो उद्योग, गोदाम, पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन।माथि प्रकरण३मा उल्लेख भएको मालसामानहरू.................................. उद्योग, गोदाम, पसलबाट बरामद भएको हो ।साथै टोलीले लगाएको शिलथान............................छाप भएको ठिक साँचो हो भनी सहिछाप गर्नेः–

(क)

(ख)

(ग)

(घ)

७. कामतामेलीगर्नेः–

(क)

(ख)

(ग)

(घ)

मिति:

समय:

स्थान:

# अनुसूची – ६
## दफा १४ सँग सम्बन्धित
## तारेख भरपाई

पक्ष:.........................................................

विपक्ष जिल्ला, गाउपालिका वा न.पा............................वडा नं........... स्थायी घर भई हाल....................................... जिल्ला ............................ गाउपालिका वा न.पा. वडा नं......................बस्ने श्री...............................................का नाती/नातिनी श्री ...............................................का छोरा/छोरी बर्ष............ को....................................नामक व्यवसायका सञ्चालक श्री .................................... सम्पर्क नं............................

**तारेख**

मिति:.........साल.............                महिना......

गते............रोज दिनको समय............बजे उपस्थित हुनेछु भनि सही
छाप गर्ने ।

हस्ताक्षर:

नाम:

मिति.........

साल........महिना....................गते..............रोज

दिनको समय..........बजे उपस्थित हुनेछु भनि सही छाप गर्ने ।

हस्ताक्षर:

नाम:

मिति.........

साल........महिना....................गते..............रोज

दिनको समय..........बजे उपस्थित हुनेछु भनि सही छाप गर्ने ।

हस्ताक्षर:

नाम: